# 多言語情報コーナー　　　　　　（令和６年　１月号）

## (१) आयकर बारे जानकारी !

जापानमा काम गर्ने र तलब कमाउने मानिसहरूले देशलाई आयकर भनिने कर तिर्नुपर्छ।
तपाईंले तिर्नु पर्ने करको रकम जनवरी १ देखि डिसेम्बर ३१ सम्मको अवधिमा तपाईंले प्राप्त गर्नुभएको तलबबाट निर्धारण गरिन्छ।
प्रत्येक महिना, तपाईंको कम्पनीले तपाईंको तलबबाट कर कटौती गर्छ र बाँकी रकम तपाईंलाई भुक्तानी गर्छ। यो भुक्तानी विधीबाट कटौती गरेको रकमलाई रोक लगाइएको कर भनिन्छ।
कम्पनीले बर्षभरी जनवरीदेखि डिसेम्बरसम्म कटाएर रोकेको कर बढ़ी वा कम छ भन्ने कुरा बर्षको अन्त डिसेम्बरमा हिसाब गर्दछ। यसलाई बर्षान्त समायोजन भनिन्छ।
यदि आवश्यक भन्दा बढ़ी कर कट्टी गरिएको रहेछ भने, उक्त रकम तपाईंको डिसेम्बर वा जनवरीको तलबमा गाभेर फिर्ता गरिन्छ।
तपाईंले आफ्नो कम्पनीबाट हरेक महिना प्राप्त गर्नुहुने "भुक्तानी पर्ची" वा अर्को वर्षको जनवरी ३१ तारिक सम्ममा तपाईंले प्राप्त गर्ने "रोजगारी आयको लागि रोक्का कर पर्ची" मा तिरेको करको रकम लेखिएको हुन्छ।
दुई वा सोभन्दा बढी कम्पनीहरूबाट तलब प्राप्त गर्ने व्यक्तिहरू, आफ्नो तलबको अतिरिक्त २००,००० येन भन्दा बढी प्राप्त गर्नेहरू, र जसले यस्ता आयको आफ्नो कम्पनीमा कर रोक्का नगर्ने वा बर्षान्त समायोजन नगर्नेहरूले कागजातहरू आफैं पेश गर्नुपर्नेछ। यसलाई अन्तिम कर रिटर्न भनिन्छ।
कर रिटर्न फाइल गर्न, कागजातहरू तपाईंले काम गरेको बर्षको अर्को बर्षको फेब्रुअरी १६ र मार्च १५ बीचमा कर कार्यालयमा बुझाउनुहोस्, र त्यसमा लाग्ने कर कनभिनियंस  स्टोर, बैंक, हुलाक कार्यालय, आदि मा भुक्तानी गर्नुहोस्।
आफ्नो देश फर्कनेहरूले जापान छोड्नु अघि कर रिटर्न फाइल गर्नुपर्छ। कृपया कर कार्यालयमा परामर्श गर्नुहोस्।
साथै, कम तलब पाउने श्रीमती वा पति भएका परिवारका व्यक्तिहरू, १६ वर्षभन्दा माथिका छोराछोरीहरू, वृद्ध बुबा र आमा भएका व्यक्तिहरू, जीवन बीमा, दीर्घकालीन हेरचाह बीमा, आदि जस्ता विभिन्न बीमाहरू भुक्तानी गरेका व्यक्तिहरू, आफ्नो वा परिवारको कुनै सदस्यको बिरामी वा चोटपटकको कारणले डिसेम्बर 31 सम्मको १ बर्षमा १००,००० येन भन्दा बढी भुक्तान गरेको व्यक्तिले, बर्षान्त समायोजनको बेला आफु काम गर्ने कम्पनीमा अथवा अन्तिम कर रिटर्नको बेला कर कार्यालयमा जानकारी दिएमा त्यति रकम बापत लागेको कर फिर्ता पाउन सकिन्छ।

## (२) तोचिगी कर कार्यालयको सूचना !

सन् २०२३ सालको अन्तिम कर रिटर्नको परामर्श र आवेदनहरु, शनिबार, आईतबार र बिदाका दिनहरु बाहेक फेब्रुअरी १६ तारिक देखि मार्च १५ तारिक सम्म स्वीकार गरिनेछ।
स्थल चाँही, तोचिगी-शि कातायानागिच्योउको तोचिगी स्योउकोउ काइगिस्योउ दाईहोरू (तोचिगी चेम्बर अफ कमर्स एण्ड ईन्डस्ट्री लार्ज हल) हो।
कर रिटर्न स्थलमा प्रवेश गर्न प्रवेश टिकट आवश्यक छ। नम्बरयुक्त प्रवेश टिकट प्राप्त गर्न, राष्ट्रिय कर एजेन्सीको आधिकारिक LINE एकाउंट मार्फत LINE मित्रको रूपमा दर्ता गर्नुहोस् र अग्रिम नम्बरयुक्त प्रवेश टिकट प्राप्त गर्नुहोस्, वा स्थलमा सोहि दिन वितरण गरिने नम्बरयुक्त प्रवेश टिकट लिनुहोस्।
थप रूपमा, ई-ट्याक्स भनेको कर रिटर्न स्थलमा नगइकनै आफ्नो स्मार्टफोन वा कम्प्युटरबाट राष्ट्रिय कर एजेन्सीको वेबसाइटको "कर रिटर्न क्रिएशन कर्नर" प्रयोग गर्ने एउटा सुविधाजनक तरिका हो।
यदि तपाईंले आफ़्नो कुनै नातेदारलाई आश्रय दिईरहनु भएकोछ र निश्चित आवश्यकताहरू पूरा गर्नुहुन्छ, जस्तै आश्रितहरूको कुल आय ४८०,००० येन वा कम छ भने, तपाईं आय कटौती गरेर आफ्नो कर दायित्व घटाउन सक्षम हुन सक्नुहुन्छ।

यदि तपाइँको आश्रित नातेदार गैर-निवासी हो र जापानमा ठेगाना छैन भने,"नाता प्रमाणित प्रमाणपत्र, परिवार दर्ताको प्रतिलिपी आदि" त्यसका साथै "आश्रय दिएको भन्ने प्रमाण, वित्तीय संस्थाबाट पैसा पठाऊँदाखेरीको प्रमाण आदि" अन्तिम कर रिटर्न आवेदन संग संलग्न राखि पेश गर्नु पर्दछ। यदि त्यस्ता कागजातहरु विदेशी भाषामा छन् भने जापानी भाषामा अनुवाद गरेको हुनुपर्नेछ।

सन् २०२३ साल पछि, यदि आश्रित व्यक्ति ३० बर्ष भन्दा बढ़ी र ७० बर्ष भन्दा कम उमेरको गैर-निवासी हो भने, त्यो बर्षको जीविका खर्च वा शैक्षिक खर्चको लागि ३८०,००० येन भन्दा बढ़ी, आफुले उक्त आश्रित व्यक्तिलाई भुक्तानी गरेको कुरा लागू हूँदैन भने, आय कटौती प्राप्त गर्न सकिने छैन।
फेब्रुअरी १५ अघि, कर फिर्ता परामर्श तोचिगी कर कार्यालय भवनमा उपलब्ध छन्।
यदि तपाइँसँग कुनै प्रश्नहरू छन् भने, कृपया कर कार्यालयमा सम्पर्क गर्नुहोस्।

## (३) सुर्तीजन्य पदार्थको स्वास्थ्यमा पर्ने असरका बारे जानकारी !

चुरोटको धुवाँमा लगभग 5,300 प्रकारका रसायनहरू हुन्छन्, जसमध्ये लगभग 70 क्यान्सरजन्य हुन्छन् । तसर्थ, धुम्रपानले तपाईंलाई विभिन्न रोगहरूको लागि बढी संवेदनशील बनाउँछ ।

चुरोटमा पाइने तीन प्रमुख हानिकारक तत्व निकोटिन, टार र कार्बन मोनोअक्साइड हुन् ।
निकोटिनको भासोकन्स्ट्रिक्टिङ प्रभावले इस्केमिक हृदय रोग र स्ट्रोक जस्ता रोगहरूको विकासको जोखिम बढाउँछ ।
तपाईंले चुरोट र चुरोटको सङ्ख्या जति लामो समयसम्म पिउनुहुन्छ त्यति जोखिम बढ्छ, र तपाईंले धुम्रपान त्याग्नु भयो भने जोखिम क्रमशः घट्दै जान्छ ।
तपाईं जुनसुकै उमेरको भए पनि धुम्रपान त्याग्न ढिलो हुँदैन ।
के तपाईं आफ्नो वा आफ्ना प्रियजनहरूको लागि धुम्रपान छोड्न पहिलो कदम चाल्न चाहनुहुन्न ?

## (४) वातारासे हट एयर बेलून दिवस बारे जानकारी !

वातारासे हट एयर बेलून दिवस, हरेक महिनाको तेस्रो आइतबार आयोजित हट एयर बेलुन कार्यक्रम हो।
तातो हावाको बेलूनलाई डोरीले ज़मीनमा राखिएको तौल (गहौं पदार्थ) संग बाँधेर, ज़मीन देखि २०-३० मिटर माथि सम्म उड्ने तातो हावाको बेलूनमा नियंत्रित उड़ानको अनुभव गर्न सकिन्छ।
यो कार्यक्रमले धेरै सहभागीहरुबाट सकारात्मक प्रतिक्रिया प्राप्त गरेकोछ, किनकी ऊनीहरुलाई तातो हावाको बेलूनको उड़ानको रोमांचको सजिलै संग आनन्द लिने मौक़ा प्राप्त हुन्छ।
आगामी मिति र समय, जनवरी २१ तारिक, फेब्रुअरी १८ तारिक र मार्चको १७ तारिक बिहान ७ बजे देखि १० बजे हो। अप्रिल महिना पछि पनि, हरेक महिनाको तेश्रो आइतबारमा छ।
यो स्थान, जापानको सबै भन्दा ठूलो जलाशय, वातारासे जलाशय भित्रको फ़ुजिओका वातारासे स्पोर्ट्स पार्क हो।
सहभागीहरुको संख्या पहिले पुग्ने २०० जनामा सीमित छ।
अग्रिम आरक्षण आवश्यक छ। प्रत्येक महिना, वातारासे हट एयर बेलुन दिवसको लागि विशेष रूपमा आवेदन फारम **Tochigi City** वेबसाइटमा पोस्ट गरिनेछ। कृपया आवेदन अवधि भित्र आवेदन फारम प्रयोग गरी आवेदन दिनुहोस्। क्षमता पुगेपछि समयसीमा तोकिन्छ।
शुल्क चाँही, उमेर अनुसार फरक हुन्छ। १ देखि २ बर्ष सम्मका बालबालिकाहरुका लागि प्रवेश नि:शुल्क छ, ३ बर्ष र प्राथमिक विद्यालय उमेरका बच्चाहरुको लागि ५०० येन, प्राथमिक विद्यालयका विद्यार्थीहरुको लागि १,००० येन, र जूनियर हाई स्कूलका विद्यार्थीहरु र वयस्कका लागि २,००० येन।
प्राथमिक विद्यालय उमेरसम्मका बालबालिकाहरू बोर्डिङमा जाँदा, कृपया जुनियर हाईस्कूल उमेर भन्दा माथिका अभिभावकलाई साथमा राख्नुहोस्।
वातारासे हट एयर बेलून, मौसमको परवाह नगरी, एक नियंत्रित उड़ानको मज़ा लिन सकिन्छ।
के तपाईं पनि आकाशबाट देखिने दृश्यको आनन्द लिन चाहनुहुन्न ?